# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


नीति योजना जनशक्ति विकास तथा अन्तराष्ट्रिय सम्बन्ध निर्देशनालय

श्री सर्वोच्च अदालत
मूल दर्ता शाखा
दर्ता नं. 262
दर्ता मिति: 2077/07/27
दस्तखत: ...............

पत्र सख्या:२०७७।७८
च.नः ३२

मिति २०७७।७।१९

श्री सर्वोच्च अदालत
रामशाहपथ काठमाण्डौ ।

विषय : लेख रचना उपलव्ध गराइदिने बारे ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट अर्धवार्षिक रुपमा लेखापरीक्षण पत्रिका प्रकाशन हुँदै आएको छ ।उक्त लेखापरीक्षण पत्रिकामा समावेश गर्नका लागि वित्तिय परिपालना र कार्यमूलक लेखापरीक्षण, लेखा, वित्तिय क्षेत्र, आर्थिक सुशासन, राजश्व चुहावट र भ्रष्टाचार नियन्त्रण, वित्तिय जवाफदेहिता, लेखापरीक्षणमा सूचना प्रविधि, दिगो विकास, वातावरणीय क्षेत्र, प्राकृतिक प्रकोप र कोभिड-१९ जस्ता महामारीको रोकथाम र नकारात्मक असरको न्युनीकरण सम्बन्धी समसामयिक विषयहरुमा लेख रचना उपलव्ध गराइदिनुहुन निर्देशानुसार हार्दिक अनुरोध गर्दछु । साथै लेख रचना उपलव्ध गराँउदा देहाय बमोजिम हुनुपर्ने व्यहोरा समेत सविनय अनुरोध गर्दछु ।

१. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ ।
२. पत्रिकाको लागि लेख रचना पठाउदा युनिकोड/टाइम्स न्यू रोमन **(Unicode/Times new Roman)** फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत २०७७ साल मंसिर २० गते भित्र उपलब्ध गराउनुपर्नेछ । लेख वा रचना अधिकतम ८ पृष्ठसम्मलाई ग्राह्य मानिनेछ ।
३. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरु नपठाउनु हुन अनुरोध छ । त्यस्ता रचना स्वीकृत हुने छैनन् ।
४. यस पत्रिकामा प्रकाशित हुने लेखहरु लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन ।
५. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ ।
६. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ ।
७. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार सेवा शुल्क उपलव्ध गराइनेछ ।

५

डुन्नुराज भुसाल
लेखापरीक्षण अधिकारी


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"